



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ ९ गते आइतबार ❑ 23 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## तनहुँ जलविद्युत आयोजना निरीक्षणमा मुख्यमन्त्री पोखेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ माघ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखेलले निर्माणाधीन तनहुँ जलविद्युत् आयोजना निरीक्षण गरेका छन्।

तनहुँको सेती नदीमा निर्माणाधीन १ सय ४० मेगावाट क्षमताको यो नेपालकै दोस्रो जलासययुक्त परियोजना हो। जलासययुक्त परियोजना खुलेखानी बनेको ४० वर्षपछि तनहुँमा यो परियोजना सुरु भएको हो। मुख्यमन्त्री पोखेरेलले यति ठूलो परियोजनाले तात्कालिक र दीर्घकालीन रुपमा ठूलो प्रभाव पार्ने भन्दै प्रभावित क्षेत्रका बासिन्दालाई समेटेर काम अगाडि बढाउन आग्रह गरे। उनले भने, 'मुलुकको भविष्यसँग जोडिएको यो परियोजना अगाडि बढिसकेको छ, प्रभावित क्षेत्रका बासिन्दाहरु कति विस्थापित होलान्, वातावरणीय असर पर्ला त्यसको आँकलन गरेर समस्या समाधान गर्दै अगाडि बढ्नुहोला। विस्थापित हुनेहरुले पनि गर्व गर्न गरी योजना सञ्चालन गर्दा त्यसमा सबैले अपनत्व महसुस गर्न सक्ने उनको भनाइ थियो।

ढिलो गरी सुरु भए पनि भइरहेको कामको गति सन्तोषजनक रहेको उनले बताए। मुख्यमन्त्री पोखरेलले डाइभर्सन,



बाँध, पहिलो प्याकेज अन्तर्गतका संरचना निर्माणस्थल, विद्युत उत्पादन गृह लगायत अवलोकन गरेका थिए। उनले भने, 'प्रकृतिको सदुपयोगका लागि विज्ञानको जरुरत पर्दोरहेछ, पहिला जे भए पनि अब यो परियोजना जतिसक्दो छिटो सक्न उनले निर्माण पक्षलाई निर्देशन दिए।

अनुगमनमा सहभागी गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले जलासययुक्त परियोजना अहिले अपरिहार्य रहेको भन्दै यसको निर्माणका क्रममा धेरै पक्षमा ध्यान पुऱ्याउन आग्रह गरे। विभिन्न दातृ निकायको सफ्टलोनमा परियोजना बनिरहेकाले यसको वातावारणीय, सामाजिक प्रभावका बारेमा अध्ययन भए पनि कार्यान्वयन हुन भनेको नसकेको गुनासो आएको उनको भनाइ थियो। सेती नदीले बगाएर ल्याउने ढुंगा बालुटा गिटीका मात्रा बढी हुने भन्दै परियोजनास्थलभन्दा माथि नै यसलाई कसरी व्यवस्थित बनाउने भन्ने बारेमा अहिले नै सोच बनाउन उनको आग्रह थियो।

उक्त अवसरमा आयोजनाका प्रबन्ध-सञ्चालक किरणकुमार श्रेष्ठले निर्माण कार्यमा भइरहेको प्रगतिबारे जानकारी गराएका थिए। परियोजनाकै अंशका रुपमा ग्रामीण विद्युतीकरणदेखि पर्यावरणीय र सामाजिक अध्ययनका कार्यहरु भइसकेर त्यही अनुसार काम भइरहेको उनको भनाइ थियो। परियोजनाका कार्यकारी प्रबन्धक राजभाइ सिल्पकारले परियोजनाको सुरुदेखि हालसम्मको कार्यप्रगतिका बारेमा जानकारी गराए। जलासययुक्त तनहुँ जलविद्युत परियोजनाको काम ३ प्याकेजमा विभाजन गरिएको छ। पहिलो प्याकेजअन्तर्गत १ सय ४० मिटर अग्लो ड्याम निर्माणका लागि सोङ दा कर्पोरेसन, भियतनाम/कालिका कन्स्ट्रक्सन प्रालि नेपालले संयुक्त रुपमा काम गरिरहेका छन्। जस अन्तर्गत बाँध निर्माण गरी नदी फर्काउने काम हुनेछ। दोस्रो प्याकेज अन्तर्गत परियोजनाको सुरुङ, विद्युत् उत्पादन गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालन पर्छन्। यसका लागि ठेकेदार कम्पनीले केबुल सुरुङ, एक्सेस सुरुङ निर्माण सकेर अहिले विद्युत उत्पादन गृहको काम गरिरहेको छ। तेस्रो प्याकेजअन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २ सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण भइरहेको छ। अहिलेसम्म ३५ वटा टावरको जग खनिसकेको र १६ वटा टावर ठडाइएको छ कार्यकारी प्रबन्ध इन्जिनियर सिल्पकारले जानकारी गराए।

परियोजनाको सबै काम विसं २०८३ असारभित्र सक्ने लक्ष्य छ। परियोजनाको कुल लागत ५० करोड ५० लाख अमेरिकी डलर अर्थात ५० अर्ब नेपाली रुपैयाँ छ। जसमा एसियाली विकास बैंकले १५ करोड, जाइकाले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले ८ करोड ५० लाख र नेपाल विद्युत् प्राधिकरणले ८ करोड ६० लाख डलर व्होर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ। वित्तीय व्यवस्थापनका लागि कम्पनी खडा गरिए पनि यो परियोजना नेपाल विद्युत प्राधिकरणको आफ्नै हो।

## गण्डकी प्रदेशमा तीन सातामा २६८ स्वास्थ्यकर्मी संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ माघ**

पछिल्लो समय देशभर कोरोना सङ्क्रमित थपिँदै जाँदा महामारीविरुद्ध अग्रपङ्क्तिमा खटिने स्वास्थ्यकर्मीसमेत सङ्क्रमित हुने क्रम बढेको छ।

कोरोना भाइरसको तेस्रो लहर ओमिक्रोनको जोखिम बढ्दै जाँदा गण्डकी प्रदेशमा तीन साताको अवधिमा चिकित्सक, स्टाफ नर्सलगायत २६८ स्वास्थ्यकर्मी सङ्क्रमित भएका छन्। प्रदेश स्वास्थ्य निर्देशनालय पोखराका अनुसार गत पुस १७ देखि यही माघ ७ गतेसम्म गण्डकीका मनाङबाहेकका जिल्लामा सो सङ्ख्यामा स्वास्थ्यकर्मी सङ्क्रमित भएका छन्। प्रदेशको राजधानी सहर पोखरामा सबैभन्दा बढी स्वास्थ्यकर्मी कोरोना सङ्क्रमित भएको निर्देशनालय मातहतको प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार कास्कीमा सबैभन्दा बढी १३८ स्वास्थ्यकर्मी सङ्क्रमित हुनुहुन्छ। उहाँले भन्नुभयो, "पछिल्लो कोरोना लहरमा स्वास्थ्यकर्मी पनि तीव्ररुपमा सङ्क्रमित हुने क्रम बढ्दो छ, कोरोनाका बिरामीको उपचार हुँदै आएका पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, सङ्क्रामक तथा सरुवा रोग अस्पताल र म्याग्दीको बेनी अस्पतालका स्वास्थ्यकर्मी बढी सङ्क्रमित हुनुभएको छ।" स्वास्थ्यकर्मी नै सङ्क्रमित भएपछि स्वास्थ्य उपचार सेवा सञ्चालन गर्न केही कठिनाइ भए पनि सेवानै रोकिने अवस्था हालसम्म नरहेको बताइन्छ।

यसैगरी तनहुँमा ४२, लमजुङ २०, नवलपरासीपूर्व १७, स्याङ्जा १२, बागलुङ ११, पर्वत १०, म्याग्दी नौ, गोरखा छ र मुस्ताङमा तीन स्वास्थ्यकर्मीमा सङ्क्रमण पुष्टि भएको जनाइएको छ। हिमालपारिको जिल्ला मनाङमा भने यस अवधिमा कोही पनि स्वास्थ्यकर्मी सङ्क्रमित भएका छैनन्।

निर्देशनालयले सङ्क्रमित स्वास्थ्यकर्मी सबै होम आइसोलेसनमा रहेका र अवस्था सामान्य रहेको जनाएको छ।

## स्रष्टा सम्मान तथा छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ माघ**

तमु सांस्कृतिक प्रतिष्ठान नेपालको २१औँ वार्षिकोत्सवका अवसरमा स्रष्टा सम्मान तथा छात्रवृत्ति वितरण गरिएको छ।

'उच्च शिक्षा, हाम्रो लक्ष्य' नाराका साथ स्थापित सो संस्थाको पोखरामा सम्पन्न वार्षिकोत्सवमा पार्वता तमु स्मृति पुरस्कारबाट कलाकार चलचित्रकर्मी ओमप्रकाश गुरुङलाई सम्मान गरिएको छ। पुरस्कारको राशि रु १० हजार नगदसहित सम्मानपत्र र दोसल्ला रहेको छ।

तमु भाषा र साहित्य क्षेत्रमा विशेष योगदान पुऱ्याउनुभएका लमजुङका आसबहादुर गुरुङलाई धनबहादुर तमु स्मृति पुरस्कारबाट सम्मान गरिएको छ। पुरस्कारको राशि नगद २० हजार रहेको छ। गीत-सङ्गीत क्षेत्रमा योगदान पुऱ्याउनुभएका सङ्गीतकार सुनिल थापा १० हजार नगद रहेको क्याप्टेन मीनबहादुर तमु स्मृति पुरस्कार तथा गण्डकी प्रज्ञा प्रतिष्ठान प्रज्ञा परिषद् सदस्य प्राज्ञ सुरेन्द्र गुरुङ, प्रज्ञा सभा सदस्य जसु गुरुङलाई सम्मान गरिएको छ।

त्यसैगरी एसइईमा चार जिपिए प्राप्त गर्ने कृष्टिना गुरुङ र प्रज्वल गुरुङलाई जनही रु १०-१० हजार नगदसहित सम्मानपत्रले सम्मान गरियो। कार्यक्रममा गरिब तथा जेहेन्दार तमु विद्यार्थी छात्रवृत्ति अक्षयकोषका लागि रु १८ लाख ७५ हजार हस्तान्तरण गरियो। प्रत्येक वर्ष १५ विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्ने गरी तमु धि युकेको पहलमा सङ्कलित उक्त रकम युकेका अध्यक्ष हितकाजी गुरुङले प्रतिष्ठानका अध्यक्ष चित्रबहादुर गुरुङलाई हस्तान्तरण गर्नुभएको हो। वार्षिकोत्सव समारोहको उद्घाटन एवं सम्मानित व्यक्तित्वलाई सम्मान गर्दै तमु धिं युकेका अध्यक्ष हितकाजी गुरुङले अक्षयकोषको रकमले दुरदराजमा रहेका गुरुङ समुदायका विद्यार्थीको पठनपाठनमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

प्रतिष्ठानका अध्यक्ष चित्रबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार चिजकाजी गुरुङ, गण्डकी खेलकुद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङ, तमु धिं युकेका वरिष्ठ उपाध्यक्ष हरि गुरुङ, सङ्गीतकार एकेन्द्र गुरुङ, साहारा युकेका नवीन गुरुङ, सम्मानित स्रष्टा आसबहादुर गुरुङ, विद्यार्थी प्रज्वल गुरुङ, विद्यार्थी हसिला गुरुङलगायतले संस्थाले सांस्कृति एवं शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा चर्चा गर्नुभएको थियो। कार्यक्रममा प्रतिष्ठानबाट छात्रवृत्ति प्राप्त विद्यार्थीको संस्था तमु विद्यार्थी समितिका कलाकारले सांस्कृतिक कार्यक्रमसमेत प्रस्तुत गरेका थिए।

## २० हजार परीक्षणमा १० हजारभन्दा बढी संक्रमित, १६ को मृत्यु

**रासस**
**काठमाडौं, ८ माघ**

पछिल्लो २४ घण्टामा १० हजार २५४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शनिबार सार्वजनिक गरेको बुलेटिनमा २० हजार १८७ परीक्षण गर्दा १० हजार २५४ जनामा सङ्क्रमण पुष्टि भएको हो। सक्रिय सङ्क्रमितको सङ्ख्या ७२ हजार ८६२ पुगेको छ। पछिल्लो समय थप ७०८ जना सङ्क्रमणमुक्त भएका छन्। यससँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या आठ लाख २० हजार २८३ पुगेको छ।

सङ्क्रमणमुक्त हुने दर ९०.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। विगत २४ घण्टामा शनिबार एकै दिन १६ जनाको सङ्क्रमणका कारण मृत्यु भएको छ। अहिलेसम्म ११ हजार ६५१ जनाको सङ्क्रमणका कारणले मृत्यु भएको छ। यस्तै ५०० भन्दा बढी सङ्क्रमण भएको जिल्ला १५-१५ पुगेको छ। मन्त्रालयका अनुसार मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही र कैलाली रहेका छन्। यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका जिल्लामा पर्सा, बारा, महोत्तरी, सप्तरी, सर्लाही, सिराहा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, स्याङ्जा, बागलुङ, दाङ, सुर्खेत र कञ्चनपुर रहेका छन्। नेपालमा सङ्क्रमणदर १७.७ प्रतिशत रहेको छ।

हाल होम आइसोलेसनमा ७१ हजार २६१, संस्थागत आइसोलेसनमा एक हजार ६०१, आइसीयूमा २१० र भेन्टिलेटरमा ३७ जनाको उपचार हुँदैछ। विगत २४ घण्टामा आज एक लाख ९६ हजार ८५७ जनाले खोप लगाएका छन्। अहिलेसम्म पहिलो मात्रा एक करोड ६२ लाख ४२ हजार ४५६ जना र पूर्ण मात्रा एक करोड २८ लाख ७० हजार ८६७ जनाले लगाइसकेका छन्। यस्तै कोरोना भाइरसविरुद्धको बुस्टर डोज एक लाख ४२ हजार ५८९ मात्रा लगाइएको छ।

## सेतुलीमाया शाक्य स्मृति वृत्तिबाट वेदव्यास आश्रम सम्मानित


**पोखरापत्र संवाददाता**
**पोखरा, ८ माघ**

सिद्धि-सेतुली स्मृति प्रतिष्ठान पोखराद्वारा सञ्चालित 'आमा सेतुलीमाया शाक्य स्मृति वृत्ति तथा सम्मान' वेदव्यास ज्येष्ठ नागरिक आश्रम तनहुँलाई अर्पण गरिएको छ।

महिलामात्रको विशेष सामिप्यतामा समाजका अशक्त, असहाय, विपन्न र बेसहारा ज्येष्ठ नागरिकको स्याहारसम्हारका साथै दिवङ्गत हुँदा पनि महिलाद्वारा दाहसंस्कार गरेर सामाजिक जागरणमा योगदान पुऱ्याएबापत सो संस्थालाई सम्मान गरिएको हो। साहित्यकार एवं फोटो पत्रकार विश्वरत्न शाक्यको परिवारद्वारा आफ्नो आमाको स्मृतिमा रु १० लाखको अक्षयकोष स्थापना गरी प्रतिष्ठानद्वारा सञ्चालित सो सम्मानको राशि नगद रु एक लाखसहित दोसल्ला र सम्मानपत्र रहेको छ। कार्यक्रममा ज्येष्ठ नागरिक एवं वरिष्ठ पत्रकार भूपनिधि पन्तले उक्त सम्मानबाट आश्रमका अध्यक्ष सावित्री श्रेष्ठलाई नगदसहित सम्मानपत्रले सम्मान गर्नुभयो। सोही समारोहमा शाक्य परिवारद्वारा आश्रमको निरन्तरताका लागि स्थापित अक्षयकोषमा जम्मा हुने गरी रु एक लाख बराबरको चेक संस्थालाई हस्तान्तरण गरिएको थियो। कार्यक्रममा विश्वरत्न शाक्यकी धर्मपत्नी बुलु शाक्यले उक्त रकम बराबरको चेक संस्थाका पदाधिकारीलाई हस्तान्तरण गर्नुभएको हो। समारोहमा प्रतिष्ठानको विकासमा महत्वपूर्ण योगदान गर्नुहुने संस्थाका कोषाध्यक्ष गोविन्दबहादुर ताम्राकारलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो। सोही कार्यक्रममा विश्वरत्न शाक्यको कृति अन्तर्मनका सम्झना पुस्तकको समेत लोकार्पण गरिएको थियो। वरिष्ठ पत्रकार पन्तले महिलाको सक्रियतामा समाजमा सामाजिक जागरण ल्याउन सफल आश्रमलाई सम्मान गरेर प्रतिष्ठानले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो। महिलाको सक्रियतामा समाजका विपन्न एवं असहाय ज्येष्ठ नागरिकको सेवामा समर्पित हुँदै उनीहरूको निधनमा समेत सम्पूर्ण महिलाको सहभागितामा अन्तिम दाहसंस्कार गर्नु महत्वपूर्ण कार्य भएको बताउँदै उहाँले यस्ता अभियानमा सबै पक्षको साथ सहयोग आवश्यक पर्नेमा जोड दिनुभयो। सम्मानित संस्थाका अध्यक्ष सावित्री श्रेष्ठले दयनीय आस्थाका बुबाआमाको सहारा बन्ने लक्ष्यका साथ आश्रमको स्थापना गरी सञ्चालन गर्न शुरुका दिनमा चुनौतीपूर्ण भए पनि आजको अवस्थासम्म आइपुग्दा विभिन्न सङ्घसंस्था एवं व्यक्तिको सहयोगले ज्येष्ठ नागरिकको सेवामा समर्पित हुन पाएकामा आफूलाई गर्वको अनुभव भएको जनाउँदै सम्मानले थप प्रेरणा मिलेको धारणा राख्नुभयो। प्रतिष्ठानका अध्यक्ष कृष्णप्रसाद बाँस्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा


बाँकी अन्तिम पृष्ठमा ▶▶





# एपिएफ आहा रारा गोल्ड कप फुटवल प्रतियोगिता सेमिफाइनलमा प्रवेस

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ माघ**

विभागिय टोली शसस्त्र प्रहरी वलको एपिएफ क्लव पोखरामा जारी २० औं संस्करणको आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७८ को सेमिफाइनलमा प्रबेस गरेको छ।

शनिबार पोखरा रंगशालामा भएको खेलमा एपिएफले पाहुना टोली अमेरीकाको विवाईएससी मिनीसोटालाई ३-१ को गोल अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो।

एपिएफको जितमा म्यान अफ दी म्याच घोषित रवि थिङले दुई र आभास लामिछानेले एक गोलको योगदान दिदा पाहुना टोली मिनिसोताको लागि मेगल पालाफोक्सले गरेको गोल शान्त्वना गोलमा परिणत भयो।



पहिलो हातमा दुबै तर्फ खेल गोल रहित बराबरीमा टुंगिए पनि दोश्रो हापको दुई मिनेटमै अर्थात खेलको ४७ औं मिनेटमा अमेरीकाको तर्फबाट पालाफोक्सले गोल गरे पनि बाँकी समयमा सम्हालिन नसक्दा एपिएफसंग हार व्यहोर्दै २० औं आहा राराबाट बाहिरिनु पर्‍यो । एपिएफका लामिछानेले ७० औं मिनेटमा पाएको पेनाल्टीको अवसरलाई गोलमा परिणत गरे भने खेलको ८४ औं र इन्जुरी समयमा पुनः एक गोल थप्दै थिङले जित सुनिश्चित बनाएका हुन् । यसैबिच आइतबार दोश्रो क्वाटरफाइनल खेलमा मनाङ मर्स्याङदी क्लव बिरुद्ध चिरपरिचित प्रतिद्धोन्दी नेपाल पुलिस क्लब बिच खेल हुने भएको छ । पुलिसले शुक्रबारको खेलमा हिमालयत शेर्पालाई सडेन डेथमा पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनाएको थियो भने पुलिसले सिधै वाइ पायर क्वाटरफाइनलमा यात्रा बनाएको हो।

मनाङले सिधै क्वारटफाइनलमा स्थान बनाएकामा पुलिसले शुक्रबार सडन डेथमा हिमालयन शेर्पा क्लबलाई पराजित गरी क्वाटरफाइनल प्रवेश गरेको हो । आगामी माघ १५ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालका 'ए डिभिजन'का आठ क्लबसहित १० टोलीको सहभागिता छ।

# मिस तामाङ पोखराको टयालेन्ट राउण्ड सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ माघ**

छैठौं मिस तामाङ पोखरा-२०२२ को टयालेन्ट राउण्ड सम्पन्न भएको छ।

बैदाम तामाङ सेवा समाजद्धारा आयोजित प्रतियोगिताको टयालेन्ट राउण्ड अन्तर्गत शनिबार भएको प्रतियोगितामा १० प्रतियोगिहरुले आ-आफ्ना प्रस्तुति प्रस्तुत गरेका थिए । प्रतियोगिताका निणार्यकहरुमा मिस पोखराका संस्थापक राजु केसी, कोरियोग्राफर राम लामा, निलिमा तामाङ्ग र अभिनेतृ जान्वी बोहरा रहेका थिए।

कार्यक्रममा बोल्दै आयोजक बैदाम तामाङ्ग सेवा समाजका अध्यक्ष ज्याक तामाङ्गले मिस तामाङ्गले तामाङ्ग समुदायका युवतीहरुको प्रतिभा प्रस्फुटन गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए। उनले मौलिक भाषा र संस्कृतिलाई युवा पुस्तामा हस्तान्तरण गर्नका लागि कार्यक्रमलाई निरन्तरता दिइएको बताए । प्रशिक्षणमा तामाङ्ग जातीको भाषा, संस्कृति, रहनसहन तथा परम्पराका साथै



व्यक्तित्व विकास र नेतृत्व विकासका तालिम प्रदान गरिएको कार्यक्रमका संयोजक एवं पहिलो मिस तामाङ्ग निमा तामाङ्गले जानकारी दिइन् । जिया तामाङ्ग, आशिका तामाङ्ग, मनिषा तामाङ्ग, पूजातामाङ्ग, रेखातामाङ्ग, कृष्टितामाङ्ग, मानसीतामाङ्ग, पेमातामाङ्ग, सृर्जनातामाङ्ग र रितिका तामाङ्ग प्रतियोगिका रुपमा रहेका छन् । माघ १५ गते शनिवार लेकसाईडस्थित बिजीबी रिसोर्टमा हुने प्रतियोगिताको विजेताले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद १ लाख रुपैयाँको साथमा म्युजिक भिडियोको अवसर तथा आकर्षक गिफ्ट ह्याम्परहरु प्रदान गरिने आयोजकले जनाएको छ।

फस्ट रनर अपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ५० हजार रुपैयाँ हजार प्राप्त गर्नेछ । त्यस्तै सेकेण्ड रनर अपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ३० हजार रुपैयाँ हात पार्नेछन् । भ्युवर्स च्वाइसका रुपमा एकजनाले नगद २० हजार पुरस्कार समेत प्राप्त गर्ने छन् । सन् २०१६ देखि शुरु भएको मिस तामाङ पोखराको पहिलो संस्करणमा निमा लामा, दोस्रो संस्करण २०१७ मा दिप्ती गोम्जा, तेस्रो संस्करण २०१८ मा कविता योञ्जन, चौथो संस्करण २०१९ मा कुशुम स्याङ्वो तामाङ र पाँचौ संस्करणमा शशिकला तामाङ्गले ताज पहिरिन सफल भएकी थिइन्।

# राजनीति सुध्रिए देश सुध्रिन्छ: बद्री पाण्डे

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ माघ**

सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान पोखराले तेह्रौं वार्षिक साधारण सभाको अवसरमा 'राज्य, राजनीति र साहित्य' शीर्षको विचार गोष्ठी आयोजना गरेको छ।

नेपाली कांग्रेसका युवा नेता तथा सहमहामन्त्री बद्री पाण्डे प्रमुख अतिथि रहेको उक्त कार्यक्रमको उद्घाटनमा विष्णुप्रसाद शर्माले सिर्जनशील कविता वाचन गरेका थिए । सहमहामन्त्री पाण्डेले विश्वेश्वरप्रसाद कोइरालाको भनाइलाई कोड गर्दै भनेः धेरै व्यवहारवादी मानिसले उत्कृष्ट काम नगर्न सक्छ, त्यसैले उसमा संवेदनशील भावुकता पनि अन्तर्निहित हुनु आवश्यक छ । राज्य र राजनीतिलाई सही बाटोमा डाऱ्याउनका लागि मानिसमा तिन तत्वको विकास हुनु आवश्यक छ ती हुन् : नैतिकता, संवेदनशीलता र तर्क । यी तिन तत्वमध्ये संवेदनशीलताको घनत्व साहित्यमा ज्यादा रहन्छ भने नैतिकताको घनत्व राजनीतिक नेतृत्वमा बढेर गयो भने राजनीतिमा सुधार आउँछ । राननीतिक चिन्तनमा सुधार आयो भने देशले नै मुहार फेर्छ भन्ने विचार व्यक्त गरे । उनले जनताको मुहारमा खुसी र हाँसो जहिलेबाट देखिन्छ राजनीति त्यहिलेबाट सफल हुन्छ भन्दै राजनीतिमा शुद्धीकरणको अभियान सञ्चालन गर्न ढिला भएको विचार प्रस्तुत गरे।

संस्थाका उपाध्यक्ष सुलोचना खनालले शुभकामना मन्तव्य प्रकट गरेपछि आरम्भ भएको सो कार्यक्रममा प्रा.हुमाकान्त पाण्डे र वेदहरी तिमल्सिनाले शुभकामना दिएका थिए। योगराज पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन आरुणि आचार्यले गरेका थिए।

# निर्वाचनको मिति घोषणा गर्न माग

**रासस**
**काठमाडौं, ८ माघ**

विभिन्न राजनीतिक दलका नेता तथा कानुनविद्ले स्थानीय तहको निर्वाचनका लागि समयमा मिति घोषणा गर्न माग गरेका छन् । रिपोर्टर्स क्लबले आयोजना गरेको अन्तर्क्रियामा सहभागीले अनिर्वाचित सत्ताको संविधानले परिकल्पना नगरेकाले चाँडो निर्वाचनको घोषणा गर्नुपर्नेमा जोड दिएका हुन्।

राष्ट्रियसभाका सदस्य डा खिमलाल देवकाटाले स्थानीय तहको निर्वाचन समयमै गर्नुपर्नेमा जोड दिँदै सम्भव भएसम्म तीनै तहको निर्वाचन एकै चरणमा गर्न सकिने बताउनुभयो । संविधानतः स्थानीय तहको निर्वाचनलाई पछि लान नमिल्ने बताउँदै उहाँले भन्नुभयो, "प्रतिनिधिसभा र स्थानीय तहको निर्वाचन एकैसाथ गर्न सकिन्छ कि सकिँदैन भन्ने बहस पनि छ । सङ्घीय संसद् विगत लामो सयमदेखि अवरुद्ध छ । एमालेले संसद् चल्न दिएको छैन । अपेक्षाअनुसार सङ्घीय संसद्ले गति लिन सकेन । स्थानीय तहको निर्वाचन सँगसँगै प्रतिनिधिसभाको निर्वाचन गर्नेबारे छलफल भएको छ।" नेकपा (एमाले)का नेता एवं बागमती प्रदेशसभा सदस्य रामेश्वर फुयाँलले निर्वाचित जनप्रतिनिधिले शासन गर्न पाउने व्यवस्थाअनुसार तत्काल स्थानीय तहको निर्वाचनको मिति घोषणा गर्न माग गर्नुभयो । स्थानीय जनप्रतिनिधिको कार्यकाल संविधानमा पाँच वर्ष तोकिएको बताउँदै उहाँले जनप्रतिनिधिविहीन स्थानीय तह बनाउन नहुने विचार राख्नुभयो।

अधिवक्ता डा सुरेन्द्र महतोले लोकतन्त्रको मेरुदण्ड भनेको अद्यावधिक निर्वाचन भएको बताउँदै स्थानीय तहको कार्यकाल पाँच वर्ष तोकिएकाले कार्यकाल सकिएको छ महिनाभित्र निर्वाचन गर्न सकिने विचार राख्नुभयो। वरिष्ठ अधिवक्ता डा सुरेन्द्र भण्डारीले स्थानीय तहको निर्वाचन समयावधि सकिएको छ महिनाभित्र गर्नु भनेर संविधानले नै भनेकाले समयमै निर्वाचन गर्नुपर्नेमा जोड दिनुभयो। "विषम परिस्थितिमा यो छ महिनाको अवधि हो। यो टेकेर निर्वाचन लम्ब्याउन पाइँदैन", उहाँले भन्नुभयो । स्थानीय तहलाई धेरै राजनीतिकरण गर्न नहुने भण्डारीले बताउनुभयो । वरिष्ठ अधिवक्ता डा दिनेश त्रिपाठीले स्थानीय तहको निर्वाचनको मिति तोक्ने बेला भइसकेकाले सरकारले यसमा ढिलाइ गर्न नहुने बताउँदै तीनै तहको निर्वाचन गर्न नमिल्ने विचार व्यक्त गर्नुभयो।

# सेतुलीमाया...

अक्षयकोषदाता विश्वरत्न शाक्य, प्रतिभा छनोट समितिका संयोजक प्रमिला तभ्र्या, पत्रकार महासङ्घ कास्कीका निवर्तमान अध्यक्ष दीपेन्द्र श्रेष्ठ, संस्थाका उपाध्यक्ष हनिफ मियाँ, सचिव इन्द्रकमल मानन्धर, निवर्तमान अध्यक्ष नरेन्द्रमान लालचनलगायतले सम्मानको महत्व तथा गरिमाका विषयमा चर्चा गर्नुभएको थियो । प्रतिष्ठानको आठौं साधारण सभाले पुनः कृष्णप्रसाद बाँस्तोलाको अध्यक्षतामा नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ।

दुई वर्षे कार्यकाल रहेको सो प्रतिष्ठानको उपाध्यक्षमा हनिफ मियाँ, सचिव इन्द्रकमल मानन्धर, सहसचिवमा कल्याण पन्त, कोषाध्यक्षमा गोविन्दबहादुर ताम्राकार र सदस्यमा रजनी कार्की, प्रमिला तभ्र्या, लोकदर्शन कोइराला, श्यामलाल श्रेष्ठ रहनुभएको छ।

नवनिर्वाचित कार्य समितिलाई शुक्रबार सोही समारोहमा पदस्थापन गरिएको थियो।

# पोखराको न्यूरोडमा टेक स्टुडियो

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ माघ**

पोखराको न्यूरोडमा इलेक्ट्रोनिक्स सामानको खुद्रा स्टोर टेक्स्टुडियो खुलेको छ।

विद्युतीय र जीवनशैली उत्पादनमा आधारित फ्रेन्चाइज कम्पनी टेक स्टुडियोको नेपाल युवा उद्यमी मञ्च पोखरा च्याप्टरका अध्यक्ष सुनिलबहादुर भट्टराईले उद्घाटन गरे । उनले युवाहरुलाई लक्ष्त गरेर स्टुडियो खोलेको शुभकामना दिए।

युवा उद्यमीद्वय देबेन्द्र जोशी र निरञ्जन श्रेष्ठको संयुक्त लगानीमा स्टोर सञ्चालनमा ल्याइएको हो । टेक् स्टुडियोको लगानी करिब १ करोड रहेको सञ्चालक जोशीले जानकारी दिए । उनले स्टोरमा उपभोक्ताहरुलाई स्टुडियोको अनुभव प्रदान गरिनेछ । जसबाट उपभोक्ताले अन्य उत्पादनसँग तुलना गर्न सकुन भन्ने विश्वास लिइएको जोशीले बताए । स्टोरमा हाइफ्युचर, एक्यूफिट, रिम्याक्स, होको र विबु ब्राण्डका इलेक्ट्रोनिक सामानहरु पाइनेछ।



उद्घाटनका अवसरमा सामान खरीदमा नगद छुट र उपहारहरुको व्यवस्था गरिएको संचालक श्रेष्ठले जानकारी दिए।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित फर्निचरको लागि मिस्त्रि आवश्यक परेको हुँदा इन्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
तलबः समभ्कदारीमा
अन्य सुविधा आपसी समभ्कदारीमा हुनेछ ।

सम्पर्कः
सरिता अर्जुन फर्निचर
पोखरा-११, काहुँडाँडा
फोनः ९८१५१४२२०४, ९८४६९८२६५६

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

परीक्षण गरिने रोगहरुः
बाथ रोगः घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।
प्यारालाइसिसः शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।
ढाड दुख्नेः ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।
विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म
फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।
सर्म्पकः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# जनताको स्वास्थ्यमाथि खेलवाड नगर

कोरोनाको तेस्रो लहर शुरु भए यता संक्रमितको संख्या दैनिक १० हजारको हाराहारीमा पुगेको छ । १२ हजार भन्दा बढी संक्रमित पुगेर केही ओरालो लागेपनि संक्रमण दर बढेको छ । मृत्यु हुनेपनि बढेको छ । पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा पीसीआर विधिबाट गरिने परीक्षणमा संक्रमण दर ५६.८ प्रतिशत पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्कले देखाएको छ । कोरोनाको तेस्रो लहर सुरु भए यताकै यो सबैभन्दा उच्च संक्रमण दर हो । शुक्रबार पीसीआर विधिबाट संक्रमण दर ४६.३ प्रतिशत थियो । देशभर थप १० हजार २५४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । २० हजार १८७ जनाको कोरोना परीक्षण गर्दा पीसीआर विधिबाट ८ हजार २१२ तथा एन्टिजेन विधिबाट २ हजार ४२ जनामा संक्रमण पुष्टि भएको छ ।

एन्टिजेन विधिबाट भने संक्रमण दर ४२.२ प्रतिशतबाट घटेर ३५.७ प्रतिशत पुगेको छ । समग्रमा संक्रमण दर ४६.३ प्रतिशत छ । परिक्षण नगराउनेको संख्या धेरै छ । किन गराउनु पऱ्यो भनेर बेवास्ता गर्नेलाई संभाउने दायित्वबाट सरकार पन्छिन खोजेको छ । प्रधानमन्त्री शेर बहादुर देउवाले राष्ट्रको नाममा गरेको संबोधनमा बढ्दै गएको संक्रमण दर र स्वास्थ्य पुर्वाधार को अवस्थाबारे जनतालाई आशावादी बनाउन सकेननन।कोरोना संक्रमित स्वास्थ्यकर्मीको मनोबल उठाउन र प्रोत्साहन भत्ता दिने कुरा नआउनु कर्मकाण्ड जस्तो सम्बोधन भएको छादेशको युवा शक्ति संक्रमित भएका छन । सबैलाई खोप दिलाउन सकिएका छैन । प्रधानमन्त्री बन्दा गरेको प्रतिबद्धता पुरानो भएको छैन । अहिले संक्रमित मध्ये सबैभन्दा धेरै २१ देखि ३० वर्ष उमेर समूहका छन् । यो उमेर समूहबाट २ हजार ८७० जना संक्रमण भएका छन् । त्यस्तै, ३१ देखि ४० उमेर समूहबाट २ हजार २४४ जना संक्रमित छन् ।

१० वर्षभन्दा कमका १ सय ४६ जना संक्रमित थपिएका छन् । सरकारले विद्यार्थीलाई खोप दिलाएर पठनपाठन हुने वातावरण बनाउन सकेन केही गर्छौं भन्ने आशा पनि दिलाउन सकेको छैन । कोभिड संक्रमण दर उच्च भएकै बेला ज्वरो तथा दुखाइ नियन्त्रणका लागि अत्यावश्यक मानिने औषधि सिटामोलको बजारमा चरम अभाव हुँदै गएको छ । बजारमा सिटामोल अभाव छ भन्ने कुरा वर्तमान सरकारलाई महिनौं अघि थाहा थियो । कृत्रिम अभाव खडा गरी राताति औषधीको अभाव देखाउने र हाहाकार मच्चाएर चर्को मूल्यमा बेच्दै रकम कमाउन खोज्नेहरूले विपतको बेला जहिल्यै सक्रिय हुन्छन् । एक महिना अघि भारत लगायतका देशहरूमा कोरोनाको अमिक्रोन भेरियन्ट फैलिरहेको थियो । भारतमा कोरोनाको संक्रमण दर बढेसँगै नेपालमा पनि कोरोना बढ्ने सक्ने सहजै अनुमान गर्न सकिने अवस्था थियो । यस्तो अवस्थामा कालोबजारीहरूले बजारमा भएका औषधीहरू किनेर थुपार्ने र महामारीको समयमा चर्को शुल्कमा बेच्ने गर्दछन् भन्ने हेक्का सरकारलाई पक्कै थियो । यो जान्दाजान्दै पनि सरकारले नत औषधीको कालोबजारी रोक्नै सक्यो त न आवश्यक पर्ने अत्यावश्यक औषधीको जोहो नै गर्न सक्यो ।

कालोबजारी गर्नेको काम त बजारमा कृत्रिम अभाव सृजना गर्नु नै हो त्यसमाथि पनि सरकारलाई औषधी उत्पादकहरूले नै हामी अब औषधी उत्पादन गर्न सक्दैनौ भनेर महिनौं पहिला भनिसकेका पनि थिए । महिनौं पहिला सरकारलाई सिटामोल उत्पादन रोकिन लागेको जान्दा जान्दै पनि बेवास्ता गर्नुको परिणाम अहिले महामारीले उच्च रूप लिइरहँदा सिटामोल समेत नपाउने अवस्था सृजना हुनु हो । बजारमा डेढ महिनादेखि सिटामोल अभावलाई सरकारकै निकायहरुलेसमेत सिटामोल उत्पादन नगरेर थप समस्याग्रस्त बनाएका थिए भन्ने कुरा पनि सरकार यत्तिखेर लुकाइरहेको छ । निजी उत्पादकहरूले मूल्यको कुरा गरेर औषधी उत्पादन कम गर्नु वा रोक्नु त व्यापारिक स्वार्थ होला सरकारकै मातहत रहेको नेपाल औषधी लिमिटेडले समेत सिटामोल उत्पादन १५ दिनअघिदेखि बन्द गर्नु भनेको बजारमा सिटामोलको अभाव सृजना गरेर कुनै नयाँ गडबडी गरिँदै त छैन भन्ने आशङ्का उब्जाएको छ । सरकार जनताको स्वास्थ्यप्रति गम्भीर नहुनुको ज्वलन्त उदाहरण पनि हो यो । कारण जे सुकै होस् यो अभावमा सरकार नै जिम्मेवार छ । महामारीको ग्राफ अझै उकालो लाग्दै छ, । अब त लाज छोप्न पनि तत्काल सिटामोलको जोहो गर सरकार ।

# सोमबारसम्म मौसम बदली हुने

**रासस**
**काठमाडौं, ८ माघ**

आगामी सोमबारसम्म देशको अधिकांश भू-भागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा र हिमपात हुने भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार आज बिहानदेखि पश्चिम नेपालबाट प्रवेश गरेको पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले पश्चिमबाट शनिबार, आइतवार र सोमबार क्रमशः नेपालभर प्रभाव पार्ने सम्भावना रहेको छ ।

उक्त प्रणालीको प्रभावले देशको सुदूर पश्चिम, कर्णाली, गण्डकी र लुम्बिनी प्रदेशमा सामान्य देखि पूर्ण बदली तथा बाँकी प्रदेशहरुमा आंशिक देखि सामान्य बदली रहने बताइएको छ । विभागले चेतावनी तथा परामर्श जारी गर्दै सुदुरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका थोरै स्थानहरुमा साथै गण्डकी, बागमती र प्रदेश नं एकका एक- दुई स्थानमा हल्का वर्षाको संभावना रहेको जनाएको छ । साथै देशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको संभावना रहेको छ ।

देशभर चिसो अझै बढ्ने क्रममा रहेकोले चिसोबाट बच्न र त्यसको प्रभावबाट जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ ।

# सुत्केरी र ७५ वर्षमाथिका विपन्नलाई एम्बुलेन्स निःशुल्क

**पोखरापत्र संवाददाता**
**दमौली, ८ माघ**

तनहुँको घिरिङ गाउँपालिकाले सुत्केरी र ७५ वर्षमाथिका विपन्न नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने भएको छ । गाउँपालिकाले खरिद गरी ल्याएको एम्बुलेन्स सेवा विपन्न सुत्केरी, ७५ वर्षमाथिका ज्येष्ठ नागरिक, विपन्न नागरिक र दुर्घटनामा परेका घाइतेलाई निःशुल्क प्रदान गरिने भएको हो ।

गाउँपालिकाले एम्बुलेन्स खरिद गरी सुन्धारा स्वास्थ्यचौकीलाई हस्तान्तरण गरेको छ । गाउँपालिकाको गाउँसभाबाट पारित नीति तथा कार्यक्रमअनुसार एम्बुलेन्स खरिद गरिएको अध्यक्ष रनबहादुर रानाले जानकारी दिनुभयो । गाउँपालिकामा एम्बुलेन्स सेवा नहुँदा निजीस्तरबाट सञ्चालित एम्बुलेन्स र सवार साधन प्रयोग गर्नुपर्ने बाध्यताको अन्त्यका लागि एम्बुलेन्स खरिद गरिएको उहाँले बताउनुभयो । दोस्रो लहरको कोरोना सङ्क्रमणका बेला पनि गाउँपालिकामा एम्बुलेन्सको आवश्यकता खड्किएको थियो । "एम्बुलेन्स नहुँदा जनप्रतिनिधिले चढ्ने सवारीमा पनि कोभिड सङ्क्रमित बोक्यौं, तेस्रो लहरको कोरोना आइसकेकाले एम्बुलेन्सको अति आवश्यकता थियो", उहाँले भन्नुभयो ।

जिल्लाकै तनहुँको आँबुखैरेनी गाउँपालिकाले पनि गत सातादेखि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ । कोभिड-१९ को महामारीका बेला खड्किएको आवश्यकतालाई महसुस गर्दै एम्बुलेन्स खरिद गरी ल्याएको गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले जानकारी दिनुभयो । गाउँपालिकावासीलाई स्वास्थ्य उपचारका लागि अन्यत्र जानुपर्दा महँगो शुल्क तिर्नुपर्ने बाध्यता अब हट्ने उहाँले बताउनुभयो । गाउँपालिकाले ज्येष्ठ नागरिकलाई एम्बुलेन्स निःशुल्क दिने निर्णय गरेको स्वास्थ्य शाखा प्रमुख अगमप्रसाद उपाध्यायले जानकारी दिनुभयो । उहाँका अनुसार एम्बुलेन्स सेवाबाट तनहुँका अतिरिक्त गोरखा र चितवनका स्थानीयवासी लाभान्वित हुनेछन् । यो एम्बुलेन्स सरकारी तवरबाट सञ्चालित हो । आँबुखैरेनीमा निजी क्षेत्रबाट थप तीन एम्बुलेन्स सञ्चालनमा रहेको छ । यसअगाडि तनहुँकै व्यास नगरपालिका, भिमाद नगरपालिका, म्याग्दे गाउँपालिकाले एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएका छन् । स्थानीय तहले सञ्चालनमा ल्याएको एम्बुलेन्सबाट सर्वसाधारणले न्यूनतम मूल्यमा सेवा पाइरहेका छन् ।

# चार वर्षमा पनि सकिएन सडक निर्माण

**-सन्तोष गौतम**
**म्याग्दी, ८ माघ**

म्याग्दीको बेनीनगरपालिका-१ मा तीन किलोमिटर ८०० मिटर सडक निर्माण गर्ने योजना चार वर्षमा पनि पूरा भएको छैन ।

बागलुङ-बेनी सडकको बेनपा-१ रत्नेचौरको भुवानेबाट हुलाकेडाँडा-खवरासम्मको सडक विस्तार र कालोपत्र गर्न सडक डिभिजन कार्यालय बागलुङले विसं २०७४ साउनमा नागार्जुन देव एण्ड सायर बिएन जेभीसँग रु १३ करोड १५ लाखमा ठेक्का सम्झौता गरेको थियो ।

विसं २०७५ मा प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास कार्यालय म्याग्दीमा हस्तान्तरण भएको यो सडक निर्माण विसं २०७६ मा सक्ने लक्ष्य थियो । ९० प्रतिशत भौतिक प्रगति भएको सडक निर्माणको काम दुई वर्षदेखि रोकिएको छ । निर्माण नसकिँदै पहिलो चरणमा भएको कालोपत्र उप्किएर खाल्डाखुल्डी परेको, पर्खाल भत्किएको र नाली पुरिएको छ । म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने वैकल्पिक सडक निर्माण नसकिँदै जीर्ण र जोखिमयुक्त बनेको यातायात व्यवसायी लालबहादुर थापाले बताउनुभयो । "पिच उप्किएर खाल्डेखाल्डा परेको छ", उहाँले भन्नुभयो, "जीर्ण र कच्ची सडकमा दुर्घटनाको जोखिम बढेको छ ।" विसं २०७६ माघमा ७ देखि १० मिटर फराकिलो बनाएर विस्तार भएको सडकमा पहिलो चरणको डिबिएसडी प्रविधिको कालोपत्र बिछ्याइएको थियो । कोरोना भाइरसको महामारी फैलिएपछि सोही सालको चैतमा गर्ने भनिएको दोस्रो चरणको कालोपत्र हुन सकेन । बर्खामा पहिराले तीन ठाउँमा सडक भासियो । धेरै ठाउँमा नाली पुरियो । कालोपत्र पनि उप्किएको छ । पहिरो पन्छाउने, मर्मत र दोस्रो चरणको कालोपत्र गर्न बाँकी छ । अधुरो कामलाई पूर्णता दिन ताकेता गरे पनि निर्माण व्यवसायीले अटेर गरेका पूर्वाधार विकास कार्यालयका निमित्त प्रमुख सन्तोष अर्यालले बताउनुभयो । "पटक-पटक मौखिक र पत्रमार्फत सडक निर्माणलाई पूर्णता दिन ताकेता गरेका छौं", उहाँले भन्नुभयो, "चैत महिनासम्म म्याद छ । अहिलेसम्म काम सुरु भएको छैन ।" बेनी हुँदै बागलुङ आवतजावत गर्न सास्ती भएको यात्रु शिव शर्माले बताउनुभयो ।

हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने गरेको उहाँले गुनासो गर्नुभयो । निर्माण कम्पनीका प्रतिनिधि नारायण जिसीले भने पहिराले क्षति पुगेपछि थप गर्नुपर्ने कामको डिजाइनको भेरियसन अर्डर स्वीकृत नभएकाले ढिलाइ भएको बताउनुभयो । "नियमित यातायात सञ्चालनका लागि डोजर परिचालन गरेर मर्मत गरेको छु", उहाँले भन्नुभयो, "पहिराको क्षतिका कारण थप गर्नुपर्ने अतिरिक्त कामको भेरियसन अर्डर स्वीकृत नहुँदा ढिलाइ भएको हो ।" भौतिक पूर्वाधार मन्त्रालयको महानिर्देशकले भेरियसन अर्डरको प्रस्ताव स्वीकृत गरिदिए चैत मसान्तसम्म थपिएको समयभित्र बाँकी १० प्रतिशत काम सकेर हस्तान्तरण गर्ने निर्माण व्यवसायी सङ्घ म्याग्दीका अध्यक्षसमेत रहेका जिसीले बताउनुभयो । यसैगरी देव एण्ड सायर बिएन जेभीले नै ठेक्का लिएको धवलागिरि र मालिका गाउँपालिकाको सिमानास्थित भारवाङको म्याग्दी खोलामाथि निर्माणाधीन मोटरेबल पुल पनि अलपत्र परेको छ । गत वैशाखमा दुईतर्फी पिलर ठडिएको पुलको त्यसपता बाँकी काम नहुँदा अलपत्र परेको छ । चैतमा सकिनुपर्ने पुलको मुख्य ढलान गर्ने काम बाँकी छ । नदीमा पानीको सतह घटेको अनुकूल समयमा पनि व्यवसायीले काम सुरु गरेका छैनन् ।

चालिस मिटर लामो पुल निर्माण गर्न विसं २०७६ असारमा देव एण्ड सायर बिएन जेभीले रु छ करोड २४ लाखमा ठेक्का लिएको थियो । भारबाङमा पक्की पुल निर्माण नहुँदा म्याग्दी खोलामा जोखिम मोलेर सवार साधन आवतजावत गराउनुपरेको सवारी चालक राम्जी थापाले बताउनुभयो ।

# आठ महिनादेखि सडक अवरुद्धः समस्यामा बगरफाँटवासी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ८ माघ**

म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकाको बगरफाँटका बासिन्दा समस्यामा परेका छन् ।

बगरफाँट जोड्ने सडक बाढीले बगाएपछि सवारी साधनमार्फत यात्रा र सामान ढुवानी गर्न आठ किलोमिटर दूरीको घुमाउरो सडक प्रयोग गर्न उनीहरू बाध्य भएका छन् । कालीगण्डकीमा आएको बाढीले गत असारमा माटेपानीमा एक सय मिटर सडक कटान गरेर बगाएपछि बेनीदेखि बगरफाँट जोड्ने सडक आठ महिनादेखि अवरुद्ध छ । पहाडको फेदीमा बाँध बनाएर सडक बनाउँदा म्याग्दीतर्फ कटान गर्ने र बाढीले सडक बगाएर लगानी खेर जाने भएपछि सडक पुनःनिर्माण भएको छैन । यसअघि पनि बर्सेनि हिउँदमा सडक बनाउने र बर्खामा बाढीले बगाउने गरेको थियो । तीन सयभन्दा बढी घरधुरीको बसोबास रहेको जलजला गाउँपालिका-२ र ३ वडामा पर्ने बगरफाँटका बासिन्दा म्याग्दी आवतजावत गर्ने कालीपुल जोड्ने झोलुङ्गेपुलको पनि लट्ठा खिया लागेर छिन्ने अवस्थामा छ । मानिसहरू झोलुङ्गे पुलबाट आवतजावत गरे पनि निर्माण सामग्री र दैनिक उपभोग्य सामान ढुवानी गर्न समस्या भएको बगरफाँटका बासिन्दा राम रकालले बताउनुभयो ।

"बेनीबाट बगरफाँट सामान ढुवानी गर्नका लागि मल्लाज-बाँसखर्क हुदै आठ किलोमिटर घुमाउरो सडक प्रयोग गर्दा महँगो भाडा तिर्न बाध्य छन्," उहाँले भन्नुभयो, "निर्माणाधीन निजी घर र सामुदायिक विकास आयोजनाको लागत बढेको छ ।" एक बोरा सामान पुल तारेको भरियालाई रु एक सयभन्दा बढी तिर्नुपर्छ । बिरामीलाई अस्पताल पुऱ्याउन डोको र स्टेचरमा बोक्नुपरेको स्थानीयवासी खिम बरुवालले बताउनुभयो । बगरफाँटमा बसोबास गर्ने अधिकांश म्याग्दीका विद्यार्थी, व्यवसायी, कर्मचारी र सर्वसाधारण छन् । प्राविधिक हिसाबले माटेपानीको भिरमा सडक निर्माण सम्भव नदेखिएपछि कालीपुलदेखि बगरफाँट जोड्ने पक्की मोटरेबल पुल र बेलिब्रिज जडानका लागि पहल गरिएको जलजला गाउँपालिका-३ का वडाध्यक्षरविभण्डारीलेबताउनुभयो। "बगरफाँटको यातायात समस्या लिएर म आफैं प्रधानमन्त्री कार्यालय र राष्ट्रियसभा अध्यक्ष कहाँ पुगेर आएको छु", उहाँले भन्नुभयो, "प्रधानमन्त्री कार्यालयको निर्देशनमा सडक डिभिजन कार्यालय बाग्लुङका इन्जिनियरहरूको टोलीले शुक्रबार बेलिब्रिज निर्माणस्थलको सम्भाव्यता अध्ययन गरेका छन् ।" डिभिजन प्रमुख बलिराज मल्ल, इन्जिनियर विजय शर्मा लगायतको टोलीले बेलिब्रिज राख्ने सम्भावित ठाउँको निरीक्षण गर्नुभएको थियो ।

निर्माणस्थलमा जग्गा विवाद नभएको प्रतिबद्धता, प्राविधिक रूपमा उपयुक्त भएमा बजेट व्यवस्थापन गरेर बेलिब्रिज जडानको प्रक्रिया अघि बढाउने डिभिजन प्रमुख मल्लले बताउनुभयो ।

# हिमपातमा नै बुस्टर खोप अभियान

**पोखरापत्र संवाददाता**
**मनाङ, ८ माघ**

मौसम बदली भएपछि हिमाली जिल्ला मनाङमा भारी हिमपात भएको छ । हिमपातकै अवस्थामा पनि यहाँ कोभिड-१९ विरुद्धको 'बुस्टर' खोप अभियान सञ्चालन भइरहेको छ ।

कोभिशिल्ड र भेरोसेलको दोस्रो मात्रा लगाएर छ महिना पूरा भएका नागरिकका लागि कोरोना सङ्क्रमणविरुद्धको रोग प्रतिरोधात्मक क्षमता वृद्धि गराउन अतिरिक्त खोपको रुपमा 'बुस्टर' खोप लगाउने कार्यक्रम सञ्चालन गरिएको स्वास्थ्य कार्यालय मनाङले जनाएको छ । कोभिशिल्ड र भेरोसेल खोप उपलब्ध भएको स्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार यसअघि १२ देखि १८ वर्षमुनिका बालबालिकालाई मोडर्ना खोप लगाइएकामा दोस्रो मात्राको सो खोप पनि जिल्लामा आइसकेको छ । प्रमुख आचार्यले बुधबार सदरमुकाम चामेस्थित रण दल गुल्ममा नेपाली सेना र सशस्त्र प्रहरी तथा जिल्ला अस्पतालमा स्वास्थ्यकर्मी, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई बुस्टर खोप लगाइएको बताउनुभयो । माघ ६ गते जिल्ला अस्पतालमा सार्वजनिक सेवामा खटिने व्यक्तिलाई बुस्टर खोप लगाइएको थियो ।

हिमपातका बीच मनाङमा बुस्टर खोप अभियान सञ्चालन भइरहेको छ । नासों गाउँपालिकामा तोकिएका केन्द्रमार्फत माघ ७ गते लक्षित सबै वर्गका व्यक्तिलाई बुस्टर डोज खोप लगाइएको जनाइएको छ ।माघ १० गते चामे गाउँपालिका, माघ २० गते मनाङ डिस्याङ गाउँपालिकामा बुस्टर डोज खोप लगाइने स्वास्थ्य कार्यालय मनाङले जनाएको छ । बढी चिसोका कारण नार्पाभूमि गाउँपालिकामा भने समय तोक्न सकिएको छैन । जाडोका कारण नार्पाभूमिवासी जिल्लामा नरहेकाले पनि समय तोक्न नसकिएको हो । "नार्पाभूमिवासी फागुन महिनाको दोस्रो सातामात्रै जिल्ला फर्कने भएकाले उनीहरु फर्किनासाथ बुस्टर डोज खोप लगाउने व्यवस्था गरिएको छ", आचार्यले भन्नुभयो । मनाङ सबैभन्दा पहिलो कोरोनाविरुद्ध पूर्ण खोपयुक्त जिल्ला हो । विसं २०७७ माघ महिनामा नै १८ वर्षमाथिका उमेर समूहका मनाङ जिल्लावासीले पूर्ण मात्रा खोप लगाइसकेका छन् । बाह्रदेखि १७ वर्ष उमेर समूहका बालबालिका सबैलाई भने खोप लगाइसकिएको छैन । हिउँदमा चिसोका कारण जिल्ला बाहिर बसाइँ जाने भएकाले बालबालिकालाई खोप लगाउन नसकिएको स्वास्थ्य प्रमुख आचार्यले बताउनुभयो ।

जिल्लाका तीन स्थानीय तहका १२ देखि १८ वर्षमुनिका बालबालिकाले मोडर्नाको पहिलो डोज खोप लगाएका थिए । तर नार्पाभूमि र माथिल्लो मनाङका बालबालिकाले भने मोडर्ना खोप लगाउने मौका पाएनन् । पहिलो मात्रा खोप लगाएका बालबालिकालाई बुस्टर डोज लगाइसकेपछि दोस्रो मात्रा लगाउने तयारी गरिएको उहाँले जानकारी दिनुभयो ।

हिउँदयामको अत्यधिक चिसो र हिमपातका कारण स्थानीय नागरिकसँगै त्यहाँका बालबालिका बैंसी झरेकाले त्यहाँ मोडर्ना खोप अभियान प्रभावित बनेको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले जानकारी दिनुभयो ।

# कोरोना संक्रमणबाट थप एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, ८ माघ**

तेस्रो लहरको कोरोना सङ्क्रमण सुरु भएपछि पहिलोपटक तनहुँका एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बन्दीपुर गाउँपालिका-२ निवासी ९२ वर्षीया महिला रहेको स्वास्थ्य निर्देशनालयले जनाएको छ । ती महिलाको सङ्क्रामक तथा सरुवा रोग अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रदेश स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो ।

ती महिलामा पुस २३ गते कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : मन चञ्चल | मकर | : ब्यापारमा लाभ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# कोरोनाका कारण पर्यटक घट्दै

–जनक श्रेष्ठ
लमजुङ, ८ माघ

समुन्द्री सतहदेखि दुई हजार १०० सय मिटर उचाईमा रहेको घलेगाउँमा कोरोना संक्रमणका कारण पर्यटकको आवागमन घट्न थालेको छ । घरवास (होमस्टे) सञ्चालित क्व्होलासोथर गाउँपालिका-३ स्थित घलेगाउँमा तेस्रो लहरको कोरोना शुरुवात हुनुअघिसम्म चहलपहल भइरहे पनि यतिबेला पर्यटकको आगमन न्यून मात्रमा पुग्ने गरेको छ।

कोरोनाको दोस्रो लहर सकिएसँगै पर्यटकको चलपहल हुँदै आएको घलेगाउँमा दशदिन अघिदेखि सुरु भएको कोरोना संक्रमणको तेस्रो लहरको जोखिम बढ्न थालेसँगै पर्यटक घट्न थालेको ग्रामीण घलेगाउँ पर्यटन व्यवस्थापन समितिले जनाएको छ । समितिका अनुसार यसअघि दैनिक २०० देखि ३०० जनाको हाराहारीमा पर्यटक आउने गरेकामा यतिबेला भने हप्ताको ४०/५० जना मात्र मुश्किलले आउने गरेका छन् । कोरोना संक्रमणका कारण पर्यटकको आगमन ठप्प हुन लागेपछि यहाँका घरवास संचालकहरू चिन्तित भएका छन् । घलेगाउँका घरवास सञ्चालक दिर्घराज घलेले भन्नुभयो, पुस र माघ पर्यटक नआउने याम भए पनि दैनिक २०० भन्दा बढी पर्यटक आउने गरेका थिए। कोरोना संक्रमणको जोखिम बढ्न थालेकाले जिल्ला प्रशासन कार्यालयले २५ जनाभन्दा बढी भेला हुने कुनै कार्यक्रम नगर्न उर्दी जारी गरेकाले पर्यटक हात्तै घटेको उहाँको भनाइ थियो । कोरोना सङ्क्रमणको करिब तीन वर्ष पर्यटकको आगमन घटेको थियो।

अघिल्लो चार महिना मात्र पर्यटक आगमन हुन थालेपनि पुनः कोरोनाले गर्दा पर्यटक नआउदा आम्दानी नभएर आफूहरू चिन्तित भएको घरवास सञ्चालक घलेको भनाइ थियो। प्रत्येक घरवास सञ्चालकले महिनाको रु ३० हजारदेखि रु ५० हजारसम्म आम्दानी गर्दै आएपनि कोरोनाका कारण पर्यटक आगमनमा कमी भएकाले उनीहरू निराश बन्न थालेका छन् ।

आम्दानीकै मुख्य श्रोत बनाउँदै आएका यहाँका अधिकांश घरवास सञ्चालकहरूलाई पर्यटकको अभाबमा आम्दानी रोकिदा परिवारको गुजारा कसरी चलाउने भन्ने चिन्ताले सताउन थालेको छ। विसं २०५६ देखि ग्रामीण पर्यटन प्रवर्द्धनको प्रयासबाट १२ घरबाट सुरु गरिएको घरवास यतिबेला यहाँ ३७ घरमा विस्तार भएको छ। घलेगाउँमा पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकासका लागि हालसम्म करौडौ रुपैयाँ घलेगाउँबासी र सरकारले खर्च गरिसकेका छन् । मुलुकमा विसं २०६२/२०६३ को जनआन्दोलनपछि गणतन्त्र स्थापना भएसँगै परराष्ट्रमन्त्री स्तरीय सार्क बैठकले नेपाल सरकारको पहलमा घलेगाउँलाई सार्क राष्ट्रकै नमूना ग्रामीण पर्यटकीय गाउँका रूपमा घोषणा गरेको थियो।

घरवासमा आएका पर्यटकहरूलाई सत्कारसँगै आफ्ना कला र संस्कृति जोगाई राख्न जुटेका गुरुङसेनीहरूको जातीय पहिचानसहित कृष्ण चरित्र, लामा, सोरठी, घ्याब्रे, पच्चु, झ्याउरे, चुट्का, झाँक्री, सेर्गालगायत लोपोन्मुख साँस्कृतिक नृत्यसमेत प्रस्तुत हुँदै आएको थियो। यहाँ आउँने पर्यटकलाई घरवास सञ्चालकहरूले गाउँघरमै उब्जाइएका प्राङ्गारिक चामल, मकै, कोदो, भटमास, रायोको साग, सिस्नोको खोले, स्थानीय कुखुरा, खसीबोका, भेडाको मासुलगायत परिकारले सत्कार गर्दछन् ।

नेपाल आदिबासी जनजातिमध्ये गुरुङहरूको उद्गमथलो तथा घले राजाले अन्तिम राज्य सञ्चालन गरेको गाउँका रूपमा समेत घलेगाउँलाई लिइन्छ । सूर्योदय तथा सूर्यास्तको मनोरम दृश्य, प्राकृतिक दृष्यावलोकन, गुरुङ समुदायको परम्परागत गुरुङ घर, घले राजाको शालिक, गुरुङ सङ्ग्रहालय, क्वोईवो धीं, सात कुवा, चिया बगान, भीर मौरी, बनझाँक्री छहरा लगायतस्थान समेत घलेगाउँमा देख्न सकिन्छ।

त्यस्तै घलेगाउँबाट ६९८६ मिटर अग्लो लमजुङ हिमाल, ७९३५ मिटर अग्लो अन्नपूर्ण हिमाल (दोस्रो), अन्नपूर्ण हिमाल(चौथो), ६९६३ मिटर अग्लो माछापुच्छ्रे हिमाल, ८१६३ मिटर अग्लो मनास्लु हिमाल, ७८९३ अग्लो हिमालचुली, ७८३५ मिटर अग्लो डादीचुली (डा.हर्क हिमाल) र ६६७२ मिटर अग्लो वुद्ध हिमाल देख्न सकिन्छ।

# कोभिड परीक्षण, भोजन तथा औषधि निःशुल्क

पोखरापत्र संवाददाता
वालिङ, ८ माघ



वालिङ नगरपालिकाले कोभिड-१९ को परीक्षण, भोजन तथा औषधिलाई निःशुल्क गरेको छ । नगरपालिकाले वालिङस्थित गह्रौं प्राथमिक अस्पतालमा निर्माण गरेको आइसोलेसन सेन्टरमा कोभिड-१९ सङ्क्रमणका कारण भर्ना भएर बसेका बिरामीलाई खाना, नास्ता तथा औषधि निःशुल्क उपलब्ध गराएको नगरप्रमुख एवं अस्पताल व्यवस्थापन समितिका अध्यक्ष दिलीपप्रताप खाँणले बताउनुभयो । "विश्वभर महामारीका रूपमा फैलिएको नयाँ भेरियन्टसहितको कोभिड-१९ को सङ्क्रमण दर वालिङमा पनि उच्च छ", उहाँले भन्नुभयो, "अस्पतालकै क्यान्टिनबाट निःशुल्क खाना, नास्ता र अस्पतालबाट उपलब्ध हुने औषधिसहित उपचारलाई निःशुल्क गर्ने व्यवस्था मिलाएका छौं ।" कोभिड-१९ को सङ्क्रमण दर बढ्दै जाँदा नगरपालिकाले गह्रौं प्राथमिक अस्पतालमा ५० शय्यासहित अक्सिजन सिलिन्डर, अक्सिजन कन्सन्ट्रेटर लगायतका स्वास्थ्य उपकरणहरू र स्वास्थ्यकर्मीलाई तयारी अवस्थामा राखिएको उहाँले जानकारी दिनुभयो । "यहाँका नागरिकको स्वास्थ्यप्रति हामी सचेत छौं, पहिलो प्राथमिकता नागरिकको जीउ ज्यानको सुरक्षा हो," उहाँले भन्नुभयो, "विकास बरु पछि गर्दै जाउँला पहिला नागरिकको स्वास्थ्यमा ध्यान दिने गरी अगाडि बढेका छौं ।" अस्पतालमा कोभिड-१९ को परीक्षण गर्न आउनुभएका व्यक्तिहरूलाई निःशुल्क एन्टिजिन परीक्षण गरिदिने गरिएको स्वास्थ्य शाखाप्रमुख कमलप्रसाद पाण्डेले जानकारी दिनुभयो। अस्पतालमा भर्ना भएर बसेका सङ्क्रमितहरूलाई निःशुल्क खाना, नास्ता तथा औषधि उपलब्ध गराइएको शाखाप्रमुख पाण्डेले बताउनुभयो । "५० शय्या क्षमतासहित सङ्क्रमितहरूको उपचारका लागि तयारी अवस्थामा छौं," प्रमुख पाण्डेले भन्नुभयो, "हाल सातजना सङ्क्रमितहरू अस्पतालमा भर्ना भएर नियमित उपचारमा हुनुहुन्छ।"

श्वासप्रश्वासमा समस्या देखिएका सङ्क्रमितहरूलाई अहिले भर्ना गरेर राखिएको छ भने अन्य सामान्य लक्षण देखिएका सङ्क्रमितहरूलाई घरमै छुट्टै आइसोलेसनमा बस्न भनिएको प्रमुख पाण्डेले बताउनुभयो। घरमै आइसोलेसनमा बस्नुभएका सङ्क्रमितहरूलाई कुनै समस्या देखिए अस्पताल आउन आग्रह गरिएको अस्पतालका सूचना अधिकारी उदय पौडेलले जानकारी दिनुभयो । अस्पतालमा भर्ना भई बस्नुभएका बिरामीहरूलाई बिहानको नास्ता, खाजा, दिउँसो नास्ता र साँझ खाना निःशुल्क उपलब्ध गराउँदै आएको सूचना अधिकारी पौडेलले बताउनुभयो।

होमआइसोलेसनमारहनुभएका बिरामीहरू स्वास्थ्यकर्मीको नियमितरूपमा सम्पर्कमा रहनुभएको छ । यसअघि पनि नगरपालिकाले अस्पतालमा भर्ना भई उपचाररत बिरामीहरूलाई अस्पतालबाट प्राप्त हुने निःशुल्क औषधि, खाना, नास्ता उपलब्ध गराइएको थियो। गह्रौं प्राथमिक अस्पतालमा खोप लगाउने कार्य जारी रहेकाले खोप नलगाएका नागरिकहरूलाई अनिवार्य खोप लगाउनका लागि नगरपालिकाले माइकिङ गर्दै आइरहेको छ।

कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनको रोकथाम तथा नियन्त्रणका लागि सबैले स्वास्थ्यसम्बन्धी मापदण्डहरू पूर्णरूपमा पालना गर्न नगरपालिकाले सूचना तथा माइकिङमार्फत अनुरोध गरेको छ।

# ग्रामीण महिला उद्यम विकास कार्यक्रम प्रभावकारी बन्दै

–खेमराज गौतम
बागलुङ, ८ माघ

गलकोट नगरपालिका-१ दुदिलाभाटीस्थित मेलमिलाप एकृकीत महिला कृषक समूहले सामूहिक रूपमा तरकारी खेती, अलैंची खेती र माछापालन गर्दै आएको छ।

दस महिला मिलेर दुई वर्षअघि देखि सुरु गरेको एकीकृत कृषक समूह अहिले सफल बन्दै गएको छ। सोही व्यवसाय सफल बन्नमा गलकोट नगरपालिकामा सञ्चालित 'नगर उपप्रमुख दायित्व ग्रामीण महिला उद्यम विकास कार्यक्रम'को ठूलो हात रहेको समूहका अध्यक्ष सुमित्रा कार्की बताउनुभयो।

सोही समूहका अध्यक्ष कार्की अहिले गलकोट नगरपालिकाले घोषणा गरेको १० उत्कृष्ट महिला उद्यममा पर्न सफल हुनुभएको छ। "नगर पालिकामा सञ्चालित ग्रामीण महिला उद्यम कार्यक्रमले हामीलाई एक वर्षमा धेरै अगाडि बढ्न सफल बनायो, उद्यम मात्रै खोलेर हुँदो रहेनछ,त्यस्कोव्यावसायिकीकरण, हिसाबकिताब, व्यवस्थापन र बजारीकरणको निकै महत्व हुँदो रहेछ", उत्कृष्ट महिला उद्यमी कार्कीले भन्नुभयो, "ग्रामीण क्षेत्रमा लामो समयदेखि उद्यम सञ्चालन गर्दै आएका तर व्यावसायिकीकरण नभएका उद्यमलाई यो कार्यक्रम कोसेढुङ्गा बन्न सफल भएको छ।"

ग्रामीण महिलाहरूले लामो समयदेखि आफ्नो उद्यम गर्दै आएको भए पनि उद्यमीहरूले व्यावसायिक चुस्तता, भावी योजना र लक्ष्यका विषयमा भने जानकारी नहुँदा उद्यमको विकास नभएको पाइन्छ । उनीहरूको उद्यम फराकिलो नभई सीमित घेरामा मात्रै सीमित हुँदै आएको पाइन्छ। उद्यमको व्यवस्थापन, चुस्त आर्थिक हिसाबकिताब, उद्यमको भावी योजना, बजारीकरण र रोजगारीको विषयमा धेरै उद्यमीहरूलाई अहिलेको समयमा पनि अन्योल नै छ।

उनीहरूको उद्यम नितान्त घर खर्चमै सीमित भएको परिदृश्यमा बागलुङ जिल्लाको गलकोट नगरपालिकाले भने उद्यमीको सर्वाङ्गीण विकासका लागि नगर उपप्रमुख दायित्व ग्रामीण महिला उद्यम विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ। ८० महिला उद्यमहरूबाट सुरु भएको कार्यक्रमले अहिले प्रतिस्पर्धाका आधारमा नगरका दस उत्कृष्ट उद्यमी महिला घोषणा गरेको गलकोट नगरपालिकाका नगर उपप्रमुख रेणुका काउचाले जानकारी दिनुभयो।

"उद्यमलाई कसरी उत्कृष्ट र व्यावसायिक बनाउन सकिन्छ भन्ने सिकाइ दिएका छौं, निवेदनमा समावेश हुनुभएका नगरका ८० महिला उद्यमीहरूको घरघरमै पुगेर नगरपालिकाले गठन गरेको अनुगमन समितिले अनुगमन गरेको थियो", उहाँले भन्नुभयो, "उनीहरूको व्यवसायको अवस्था, प्रविधिको प्रयोग, रोजगारी तथा भावी योजना लगायतका नौ छनोटको विषयका आधारबाट प्रतिस्पर्धा गराएर ४० महिला छनोट गर्‍यौं त्यसबाट पुनः २० महिला छनोट गर्दै अहिले नगरका १० उत्कृष्ट महिला उद्यमी घोषणा गरेका छौं। उनीहरूको व्यवसाय उत्कृष्टसँगै भावी योजनासमेत निकै राम्रो छ।"

उपप्रमुख काउचाका अनुसार उत्कृष्ट १० मा पर्न सफल महिला उद्यमहरूलाई गलकोट नगरपालिकाले प्रोत्साहनस्वरुप प्रतिउद्यम ५० हजार र २० उद्यमी महिलामध्ये १० जना अब्बल महिलालाई रु २० हजारका दरले प्रोत्साहन रकम दिने निर्णय गरेको बताउनुभयो । ग्रामीण क्षेत्रमा साना तथा घरेलु उद्योग सञ्चालन गर्दै आएका महिलाहरूलाई आफ्नो उद्योग तथा व्यवसायको विस्तार तथा विकासका लागि उक्त कार्यक्रमले महत्वपूर्ण योगदान पुर्‍याउने नगर उपप्रमुख दायित्व ग्रामीण महिला उद्यम विकास कार्यक्रमको प्राविधिक सहयोगी संस्था रिप, दायित्व, लुम्बनी प्रदेश संयोजक सञ्जय पोखेलले जानकारी दिनुभयो । गलकोट नगरपालिकाले छनोट गरेको १० महिला उद्यमीहरू करिना घर्ती पुन, सुमित्रा कार्की, प्रेमकुमारी पुन, सीता पुन, तेजकुमारी पुन, थममाया पुन काउचा, धनमाया श्रीस मगर, कुमारी कार्की, सविना घर्ती मगर र विनिता घर्ती रहनुभएको छ। उद्यमी छनोटको सिलसिलमा महिलाहरूले सञ्चालन गरेको उद्यम, व्यवसायको अवस्था, समुदायमा पारेको प्रभाव, बजारीकरण, वित्तीय अवस्था, ग्राहकको व्यवस्थापन जस्ता सूचकका आधारमा छनोट गरिएको संस्थाले जनाएको छ । नगरले उत्कृष्ट १० जनालाई पुनः तालिम तथा सहजीकरणपश्चात् पुनः नगरको उत्कृष्ट एक उद्यमी छनोट गरेर रु एक लाख पुरस्कार दिने जनाएको छ । उक्त कार्यक्रमले ग्रामीण महिलाहरू उद्यमतर्फ थप आकर्षण हुने गलकोट नगरपालिकाले जनाएको छ।

# स्वास्थ्यकेन्द्रको सेवा स्थगित

पोखरापत्र संवाददाता
तनहुँ, ८ माघ

तनहुँको भिमाद नगरपालिका-६ स्थित प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सक तथा स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि सेवा बन्द गरिएको छ।

स्वास्थ्य केन्द्रमा कार्यरत सबै चिकित्सक, पारामेडिक्स स्टाफ, तीन जना नर्सिङ कर्मचारी, फार्मेसी, एक्सरे, आँखा उपचार कक्षका कर्मचारी र कार्यालय सहयोगीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि स्वास्थ्यकेन्द्रको सेवा बन्द गरिएको हो । प्रसूति र प्रयोगशालाको एन्टिजेन सेवाबाहेक अरु सम्पूर्ण सेवा स्थगन गरिएको स्वास्थ्य केन्द्रका निमित्त प्रमुख डा सागर घिमिरेले जानकारी दिनुभयो। ज्वरो आउने, टाउको दुख्ने, शरीर दुख्ने र स्वाद हराउनेजस्ता लक्षण देखिएको र नियमित सेवा प्रवाह गर्ने एक जना स्वास्थ्यकर्मी नभएका कारण सेवा बन्द गरिएको उहाँले बताउनुभयो । स्वास्थ्य केन्द्रमा कार्यरत तीन चिकित्सकसहित १६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। यसैबीच जिल्लाका ४२ स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण भएको छ। पुस १७ गतेदेखि माघ ७ गतेसम्म जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत ४२ स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण पुष्टि भएको हो । सबैको अवस्था सामान्य रहेको र होम आइसोलेशनमा रहेको स्वास्थ्य कार्यालयले जनाएको छ।

# म्याग्दे गाउँपालिकामा अत्यावश्यकबाहेकका सेवा बन्द

पोखरापत्र संवाददाता
तनहुँ, ८ माघ

जनप्रतिनिधि तथा कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि तनहुँको म्याग्दे गाउँपालिकाले अत्यावश्यकबाहेकका सेवा चार दिन बन्द गर्ने निर्णय गरेको छ।

कोभिड-१९ को सङ्क्रमणबाट सङ्क्रमित भई आइसोलेशनमा रहनुभएका जनप्रतिनिधि तथा कर्मचारीको सम्पर्कमा रहेकालाई थप सङ्क्रमण हुनबाट बचाउन गाउँपालिकाले चार दिन सेवा बन्द गर्ने निर्णय गरेको हो। माघ ९ गतेदेखि १२ गतेसम्म अत्यावश्यकबाहेकका सबै सेवा बन्द गर्ने निर्णय भएको अध्यक्ष मायादेवी रानाले जानकारी दिनुभयो।

यसअघि जिल्लाको शुक्लागण्डकी नगरपालिका र आँबुखैरेनी गाउँपालिकाले पनि अत्यावश्यकबाहेकका सबै सेवा बन्द गर्ने निर्णय गरिसकेको छ।

# अकलालाई धार्मिक पर्यटकीय गन्तव्य बनाउनुपर्छ : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
दमौली, ८ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले अकला मन्दिरलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउनुपर्नेमा जोड दिनुभएको छ।

तनहुँको म्याग्दे गाउँपालिका-३ किल्चोकस्थित अकला मन्दिरको शनिबार दर्शन तथा निरीक्षणपछि मुख्यमन्त्री पोखरेलले यस ठाउँ धार्मिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण रहेकाले यसको विकासका लागि प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। गण्डकी प्रदेश धार्मिक पर्यटनले भरिपूर्ण रहेको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले अकलालाई गुरुयोजना बनाएर विकास गर्नुपर्नेमा जोड दिनुभयो । सो अवसरमा म्याग्दे गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले यस ठाउँको विकासका लागि गाउँपालिका पनि लागिपरेको र प्रदेश सरकारले साथ दिनुपर्ने बताउनुभयो। कार्यक्रममा गण्डकी प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा रघुराज काफ्ले, म्याग्दे गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरे, नेपाली कांग्रेस म्याग्देका सभापति रामभक्त घिमिरेलगायतको सहभागिता थियो। विसं २०७६ पुस अन्तिम साता मन्दिरको पुनःनिर्माण सम्पन्न भएको छ। पशुपतिनाथ मन्दिरको शैलीमा मन्दिरको पुनःनिर्माण गरिएको हो । समितिको आन्तरिक कोषबाट रु ७१ लाखको लागतमा मन्दिरको पुनःनिर्माण गरिएको छ । मन्दिर व्यवस्थापन समितिले मन्दिरको डिपिआर तयार गरी भजनकीर्तन भवन, पाटीहरु गोलाकार शैलीमा निर्माण गर्ने योजना बनाएको छ। मन्दिर क्षेत्रमा वनभोजस्थल पनि निर्माण गर्ने योजना छ।

मन्दिर परिसरमा गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको रु ४० लाख र म्याग्दे गाउँपालिकाको रु आठ लाख सहयोगमा भजनकीर्तन भवन निर्माण सम्पन्न भइसकेको छ। अकलादेवी खुशी भएको बेला मन्दिरभित्र रहेको घण्ट आफैं हल्लिने र बज्ने गरेको स्थानीयवासीको भनाइ छ। विसं २०४२ देखि मन्दिरमा शङ्ख र घण्ट बजेको सुनिन थालेको स्थानीयवासी बताउँछन्।


**स्वैच्छिक खारेजीमा रहेको उपमा कम्प्लेक्स प्राइभेट लिमिटेड का**

**लिक्विडेटरद्वारा जारी गरिएको हकदावी सम्बन्धी सूचना**

**यस उपमा कम्प्लेक्स प्राइभेट लिमिटेड (प्राइभेट लिमिटेड दर्ता नं. ११२७९६) लाई यस कम्पनीको मिति २०७८/१०/४ गते बसेको विशेष साधरणसभाले विशेष प्रस्ताव पारित गरि स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्विडेटर नियुक्त गरेको जानकारी गराउदै यस कम्पनी उपर कुनै व्यक्ति, संघ संस्था, कम्पनी तथा निकाय कसैको केही दावी, लेनदेन, लिनु, दिनु भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण सहित माग दावी तथा सो दावी प्रमाणित गर्ने प्रमाणित कागजातसहित निम्न लिखित ठेगानामा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। सो अवधि भित्र कुनै दावी पर्न नआएमा नियमानुसार कम्पनी खारेज हुने व्यहोराको जानकारी समेत गरिएको छ।**

**लिक्विडेटर**
**अधिवक्ता टिकाराम शर्मा लिक्विडेटर इ.नं. ४२३**
**ठेगानाः आई.एल.आइ.आर.सि. प्राइभेट लिमिटेड, न्यूरोड, काठमाडौं**
**सम्पर्क नं. ०१-५३५३७६९, मो. ९८४९०२५१२९, ९८०३१४५९३६**